# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत १ गते २०३३ साल

श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा(१)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनको दफा ३ (ख) अनुसार नेपाल दूर सञ्चार संस्थान अन्तर्गत बनेपामा दूर सञ्चार सेवा विस्तार गर्ने सिलसिलामा उक्त ऐनको दफा ७ (३) मा लेखिएबमोजिम उक्त संस्थानको कागज भएको हुँदा बाग्मती अञ्चल, काभ्रे जिल्ला, दघुटोल गाउँ पञ्चायत वार्ड नं. २ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गराई दिने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीहरूले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा उक्त ऐनको दफा ७ (४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व गोरेटो बाटो,पश्चिम लक्ष्मी मानन्धरको आवादी जग्गाको साँध, उत्तर कि.नं. ६३ को साँध, दक्षिण कोदारी राजमार्ग पीच सडक यति ४ किल्लाभित्र पर्ने कि. नं. ६४ को ०–१२–१ पूरै, कि.नं. ६५ को ०–८–२ पूरै, कि.नं. ६६ को ०–१०–२ पूरै, कि.नं. ६७ को ०–१४–० ॥ पूरै, कि. नं. ६८ को ०–६–१ ॥ पूरै, कि. नं. ६६ को १–१०–३ पूरै, समेतको जम्मा मालपोत रू. १६।२५ (उन्नाईस रूपैयाँ पच्चीस पैसा) लाग्ने जम्मा जग्गा ४–१४–२ (चार रोपनी चौध आना दुई पैसा) को कित्ता ।

आज्ञाले–
तीर्थराज तुलाधर
श्री ५ को सरकारको सचिव

९६१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।